मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

पत्र संख्याः २०८०/०८१

# निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी अत्यन्त जरुरी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३०)*

मरिण गाउँपालिका अन्तर्गत स्थायी बसोवास गर्ने देहायका नागरिकहरुको लागि निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र मरिण गाउँ कार्यपालिकाको कार्यालयमा रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशिन गरिएको छ ।

२०८०/०४/३०

<u>देहाय</u>

- **निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमका लाभान्वित वर्गः**
  १. ६० बर्ष उमेर पूरा भई ६९ बर्ष उमेर ननाघेका जेष्ठ नागरिकहरु,
  २. द्धन्द पीडित, अनाथ, असहाय, अपांगता भएका व्यक्ति, एकल तथा गर्भवती महिलाहरु ।

- **निवेदनका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः**
  १. मरिण गाउँपालिकाको स्थायी वासिन्दा खुल्ने नेपाली नागरिकता/राष्ट्रिय परिचय पत्र एवं विवाहित महिलाको हकमा मरिण गाउँपालिकाको स्थायी वासी पुरुष सँग विवाह भएको खुल्ने विवाह दर्ता प्रमाणपत्र/नागरिकताको प्रतिलिपि
  २. मरिणवासी द्धन्द पीडित, अनाथ, असहाय, अपांगता भएका व्यक्ति, एकल महिला र गर्भवती निवेदकको हकमा उक्त प्रमाण खुल्ने कागजातहरु एवं वडाको सिफारिस पत्र ।

*पुनश्चः निवेदकहरु मध्ये अन्तिम लाभग्राही छनौट गर्ने अधिकार मरिण गाउँपालिकाको "निःशुल्क स्वास्थ्य बीमा कार्यविधि २०७८, पहिलो संशोधन २०७९" बमोजिम गठित छनौट समितिको हुनेछ । साथै निवेदनको ढाँचा मरिण गाउँपालिकाको* ***<u>Website</u>*** *तथा* ***<u>Facebook page</u>*** *मा यसै सूचनाको साथै संलग्न* ***<u>link</u>*** *मा उपलब्ध हुने व्यहोरा जानकारी गराईन्छ ।*